# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १३ मितिः २०८१।०७।१२

## भाग — २

## कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१"** बनाई लागू गरेको छ ।

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

*नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/०१/२०*

**प्रस्तावना :**

शिवराज नगरपालिका कृषि विकास शाखा मार्फत सञ्चालन हुने कृषि कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी ,प्रभावकारी र अनुगमनयोग्य तथा प्रतिफलयूक्त बनाउन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२, नेपाल सरकारको विनियोजन ऐन,२०८१ तथा शिवराज नगरपालिकाको विनियोजन ऐन,२०८१ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी यस शिवराज नगरपालिकाको **"कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१"** निर्माण गरी लागु गरीएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"कृषि विकास कार्यक्रम संञ्चालन कार्यविधि,२०८१"** रहेको छ।

(२) यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधी शिवराज नगरपालिका भरी लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"अनुदान"** भन्नाले शिवराज नगरपालिकाबाट बिनियोजित बजेट तथा संघ र प्रदेश सरकारबाट प्राप्त हुने बजेट अनुसारको स्विकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, बजारीकरण, ब्यवसायिकरण, आधुनिकीकरण, तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राही लाई वित्तिय दायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक तथा वस्तुगत सहायता, पूर्वाधार बिकास वा उपलब्ध गराईने कृषि सामाग्री सम्झनु पर्दछ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्नका लागि छनौट भएका कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह /सहकारी संस्था/कृषि उद्यमीलाई सम्झनु पर्छ।

(ग) **"कम्पनी"** भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा प्रचलित कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले यसै कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) **"कार्यालय"** भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्छ।

(च) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(छ) **"फर्म"** भन्नाले प्रचलित कानून अनुसार दर्ता भएको निजी क्षेत्रका उद्यमिको संस्थालाई सम्झनु पर्छ।

(ज) **"सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(झ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा (१) अनुसार गठित कृषि विकास समितीलाई सम्झनु पर्छ।

(ञ) **"कृषि सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बिषादी, बेर्ना, शुक्ष्मतत्व तथा कृषि औजार उपकरण लगायत कृषि उत्पादन कार्यमा टेवा पुयाउने अन्य सामाग्री /बस्तु सम्झनु पर्दछ।

**३. <u>उद्देश्य</u> :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने।

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गरी आयात प्रतिस्थापन सँगै निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने।

(घ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्ने।

**४. <u>सरोकारवाला निकायहरु</u> :**

यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ :-

(क) कृषक/कृषि फर्म/कम्पनी/समूह/सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास  कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा सेवा टेवा कार्यक्रम सञ्चालन गर्नेछ।

(ग) नगरपालिकाको कृषि विकास शाखा बाट कार्यक्रम संचालन गर्दा दोहोरोपन नहुने गरी समन्वय र सहकार्य गर्नु पर्नेछ।

# परिच्छेद -२

# सञ्चालित कार्यक्रमहरु

## ५. कृषि विकास कार्यक्रमहरुको विवरण :

कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | समग्र कृषि विकास कार्यक्रम सञ्चालन | अनुसूची-२ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित कागजातहरु। | स्वीकृत कार्ययोजनाका कृयाकलापहरु | सामाग्री तथा अन्य सेवा खरिद गर्दा आर्थिक कार्यबिधि तथा सार्वजनिक खरिद ऐन बमोजिम गर्नु पर्ने। | |
| **(क)** | **उत्पादन सामाग्री सहयोग कार्यक्रम** | | | | |
| १. | कृषि औजार उपकरण वितरण | ▪ सूचना प्रकाशन भन्दा कम्तिमा ३ महिना अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी संस्था/निजी फर्म र व्यक्तिगत कृषकको हकमा जग्गाधनिको नागरिकता र जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी।<br>▪ सूचना प्रकाशनको बखत माग गरिएका कागजातहरु।<br>▪ आर्थिक कार्यबिधि तथा सार्वजनिक खरिद ऐन बमोजिम।<br>▪ कृषि विकास समितिबाट स्वीकृत गराउनु पर्नेछ। | • साना कृषि औजार उपकरण (मिनि टिलर / कर्नसेलर/ कर्न थ्रेसर/ब्रसकटर / हैण्डस्प्रेयर (2 in 1)धान रोप्ने मेसिन/ (Manual) बेड / मेकर मेसिन/इलेक्ट्रीकल मोटर 2H.P., 3H.P, 5 H.P./ सिड ड्रिल मेशिन/ खाल्डो खन्ने मेसिन (Post hole Digger) /उखु रोप्ने मेसिन/पम्पसेट/कल्टिवेटर/विडर/ आलु/ रोप्ने मेसिन डिसहैरो/थ्रेशर/रोटाबेटर/रिपर/ लगायत बहु उपयोगी कृषि औजार उपकरण आदि। | • कुल लागत रकमको ५० प्रतिशत वा अधिकतम रु.१,००,०००/- मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान दिन सकिनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २. | साना सिंचाई कार्यक्रम | ▪ सूचना प्रकाशन भन्दा ३ महिना अगाडि दर्ता भएका कृषक समुह/कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था ।<br>▪ सूचना प्रकाशनको बखत माग गरिएका कागजातहरु।<br>▪ प्राविधिक लागत इस्टीमेट।<br>▪ व्यक्तिगत कृषकको हकमा जग्गाधनिको नागरिकता र जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी। | ▪ साना सिंचाई पूर्वाधार निर्माण।<br>▪ सिंचाई पोखरी, इनार, बाँध, प्लाष्टिक पोखरी र सिंचाई पाईप आदी।<br>▪ स्यालो टयूबबेल लगायतका भूमिगत पूर्बधारहरु।<br>▪ नबीन सिंचाई प्रबिधि (थोपा सिंचाई, स्पिङकलर सिंचाई, सौर्या उर्जामा आधारित लिफ्ट सिंचाई आदि)<br>▪ सिंचाई पूर्वाधारहरुको मर्मत संभार। | • कुल लागत रकमको ५० प्रतिशत वा अधिकतम रु.१,५०,०००/- मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान दिन सकिनेछ।<br>• साना सिंचाई पूर्वाधार निर्माण तथा मर्मत संभारको हकमा प्राविधिकको लगत इस्टिमेटको आधारमा खर्च गर्न सकिनेछ। | |
| ३. | संकलन केन्द्र निर्माण/ संचालनमा अनुदान | ▪ प्राविधिकको लागत इस्टीमेट अनुसार निर्माण गर्नुपर्ने छ।<br>▪ सार्बजानिक जग्गा भए प्रकृया पुर्याइ प्राप्त गरेको हुनु पर्नेछ।<br>▪ ब्यक्तिगत जग्गाको हकमा कम्तीमा १० बर्षको करार सम्झौता हुनु पर्नेछ।<br>▪ संचालक समिति गठन गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। | ▪ टहरा, कोठा, तारबार, बाउण्डरी वाल निर्माणमा सहयोग।<br>▪ संचालन खर्चमा इलेक्टीकल ब्यालेन्स, क्रेट, टेबल, कुर्सी, डस्टवीन, त्रिपाल इन्टरनेट, कम्पूटर सेट, क्यालकूलेटर।<br>▪ क्षमता विकास क्रियाकलापहरु तालिम गोष्ठी आदि। | • प्राविधिकको इस्टीमेट अनुसार निर्माण कार्यमा शत प्रतिशत र संचालनमा ५० प्रतिशत अनुदान दिन सकिनेछ। | |
| ४. | सामूहिक/व्यक्तिगत रुपमा जडान भएका बोरिङ्गहरुमा विधुत लाईन विस्तार | ▪ प्राविधिकको लागत इस्टीमेट अनुसार निर्माण गर्नु पर्नेछ।<br>▪ सार्बजानिक जग्गा भए प्रकृया पुर्याई प्राप्त गरेको हुनु पर्नेछ। | ▪ विधुत पोल तथा लाईन विस्तारमा सहयोग। | • प्राविधिकको इस्टीमेट अनुसार निर्माण गरी प्राविधिक मुल्याकंन पश्चात शत प्रतिशत अनुदान रकम दिन सकिनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | ▪ व्यक्तिगत जग्गाको हकमा कम्तीमा १० बर्षको करार सम्झौता हुनु पर्नेछ। | | | |
| (ख) | **प्रोत्साहन अनुदान कार्यक्रम** | | | | |
| १. | उत्पादनमा आधारीत अनुदान कार्यक्रम | ▪ व्यवसायिक तरकारी/फलफूल/मौरी उत्पादक कृषक हुनु पर्ने।<br>▪ बिक्री परिमाणको विवरण संकलन केन्द्र, कृषि सहकारी, स्मार्ट गाँउ वा थोक व्यापारीबाट प्रमाणित हुनुपर्नेछ। | ▪ बिक्री परिमाणको आधारमा नगद अनुदान रकम उपलब्ध गराइनेछ। | • नगर कार्यपालिकाको निर्णय अनुसार। | |
| २. | कृषि फार्म/कृषि सहकारी/कृषक समूहहरुलाई उत्पादन क्षेत्रफलको आधारमा अनुदान | ▪ व्यवसायिक तरकारी/फलफूल/मौरी उत्पादक कृषक हुनु पर्ने,<br>▪ दुई सिजन तरकारी खेती गरेको हुनुपर्नेछ।<br>▪ एक सिजनमा कम्तिमा २ कठ्ठा क्षेत्रफलमा तरकारी लगाउनु पर्नेछ।<br>▪ मौरी घार संख्या कम्तीमा-५ वटा हुनु पर्नेछ।<br>▪ फलफूल खेतीको हकमा-३ कठ्ठा क्षेत्रफलमा लगाएको हुनु पर्नेछ। | ▪ पुजीगत सामाग्रीमा अनुदान सहयोग जस्तै सिचाइ मोटर ,स्प्रेयर, थोपा सिंचाई, पम्पसेट, बेड मेकर ,डेलीभरी पाइप, मौरी सामाग्री लगायत अन्य साना कृषि औजार।<br>▪ उत्पादन सामाग्रीमा जस्तै बीउ, मल, बिषादी, मल्चिङ प्लाष्टिक, धागो। | • कूल लागतको मुल्यमा ५० प्रतिशत वा अधिकतम रु. ३०,०००/-मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिनेछ।<br>• कृषि विकास समिति तथा नगर कार्यपालिकाको निर्णय अनुसार प्रति कठ्ठा अनुदान रकम तोकिनेछ। | |
| ३. | फलफूल बिरुवा बितरण (व्यवसायिक र करेशाबारी) | ▪ जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने।<br>▪ बाँझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिइने। | ▪ केरा, आँप,लिचि,ड्राइगन फ्रुटको कलमी वा टिस्यू कल्चर बिरुवा बितरण गर्ने।<br>▪ सिंचाईको लागि मोटर र पम्पसेट साथै पाईप बितरण गर्न सकिनेछ। | • व्यवसायिक बगैचा क्षेत्र विस्तार गर्नको लागि विरुवा तथा सामाग्रीमा ५० प्रतिशतमा नबढ्ने गरी अनुदान दिइनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | ▪ सार्बजानिक जग्गामा बिरुवा रोपण कार्यलाई प्राथमिकता दिइनेछ।<br>▪ निजी जग्गामा ब्यवसायिक फलफूल खेती विस्तारका लागि कम्तीमा-३ कट्ठा क्षेत्रफल हुनुपर्ने।<br>▪ माग अनुसार करेशावारीको लागि फलफूल बिरुवा वितरण। | ▪ ढुवानी लगायत प्याकेजिङ्ग खर्च कार्यालयबाट उपलब्ध गराईनेछ। | • करेशावारीको लागि फलफूल बिरुवामा ७५ प्रतिशतमा नबढ्ने गरी अनुदान दिइनेछ। | |
| (ग) | **मूल्य श्रृखंलामा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम** | | | | |
| १. | मौरी गोला सहित मौरी घार तथा उपकरण बितरण | ▪ सूचना प्रकाशन गरी माग संकलन गर्ने।<br>▪ मौरी पालक कृषकहरुलाई प्राथमिकता दिइनेछ।<br>▪ मौरी तालिम लिएका कृषकहरुलाई प्राथमिकता दिइनेछ। | ▪ मौरी गोला सहितको घार, मौरी जन्य उपकरण, मौरीको खाली घार, प्रशोधन सामाग्री तथा बजारीकरण सामाग्रीहरु वितरण। | • मौरी गोला सहितको घारमा कुल लागतको रकममा ७५ प्रतिशत अनुदान दिन सकिनेछ।<br>• अन्य मौरी सामाग्री तथा खाली घारको हकमा कुल लागतको रकममा ५० प्रतिशत अनुदान दिन सकिनेछ। | |
| २. | कोल्ड स्टोरमा राखिने स्थानिय उत्पादनमा अनुदान कार्यक्रम | ▪ यस नगरपालिका भित्रका कृषकले उत्पादन गरेका कृषिजन्य उत्पादन गर्ने उत्पादनकर्तालाई प्राथमिकता दिईनेछ।<br>▪ वडा कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ। | ▪ स्थानिय कृषि उत्पादन कोल्ड स्टोरमा राख्नको लागि सुचना प्रकाशन। | • कुल लागतको रकममा ७५ प्रतिशत अनुदान दिन सकिनेछ।<br>• सम्बन्धीत कोल्ड स्टोर वा किसान सँग सम्झौता गरी भुक्तानी रकम उपलब्ध गराईनेछ। | |
| (घ) | **अन्य कार्यक्रमहरु** | | | | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | माटो सुधारका लागि ढैंचा/अन्य कोशे बालिको बिउ ,कृषि चुन र शुक्ष्मतत्व वितरण कार्यक्रम | ▪ माटोको भौतिक, रासायनिक र जैविक अवस्था सुधार गर्न।<br>▪ माटोमा भएको रासायनिक पदार्थको मात्रा घटाई प्राङ्गारीक पदार्थ मात्रा बढाउन।<br>▪ हाल देशमा भईरहेको रासायनिक मलको अभावलाई केही हदसम्म न्यूनीकरण गर्न।<br>▪ वडा कार्यालयको समन्वयमा वितरण। | ▪ हरियो मलको लागि ढैचाको बीउ लगायत अन्य कोशेबालीको बिउ वितरण गरिनेछ।<br>▪ माटोको अवस्था सुधारका लागि कृषि चुन र शुक्ष्म तत्व वितरण गरिनेछ। जस्तैः- बोरन,जिंक,माईक्रोप्लस,सल्फर | • ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ। | |
| २. | पोषणको लागि च्याउको बिउ वितरण कार्यक्रम | ▪ कृषक समूह/सहकारी वा कृषकहरुलाई वडा कार्यालयको समन्वयमा वितरण गरीनेछ।<br>▪ सामुहिक रुपमा उत्पादन गर्ने कृषकहरु लाई पहिलो प्राथमिकता दिइनेछ। | ▪ च्याउको विउ र बिउ राख्ने प्लाष्टिक वितरण गरीनेछ। | • ७५ प्रतिशत अनुदानमा च्याउ बिउ र प्लाष्टिक थैला वितरण गरिनेछ। | |
| ३. | तरकारी/प्याजको कम्पोजिट विउ वितरण कार्यक्रम | ▪ करेशावारीको रुपमा लगाउने कृषकहरुलाई पहिलो प्राथमिकता दिइनेछ।<br>▪ वडा कार्यालयको समन्वयमा बितरण कार्य गरिनेछ। | ▪ तरकारी तथा प्याजको विउ वितरण।<br>▪ सामितिको बैठक बाट परिमाण निर्धारण गरी बीउ बितरण गर्ने।<br>▪ बीउ प्याकेजिङमा खर्च गरीनेछ। | • ७५ प्रतिशत अनुदानमा कम्पोजिट विउ वितरण गरिनेछ। | |
| ४. | स्थलगत घुम्ती तालिम | ▪ कृषकहरुको ज्ञान, सीप र क्षमतामा अभिबृद्धी गर्ने।<br>▪ करेशाबारी लाई बढावा दिने।<br>▪ वडा कार्यालयको समन्वयमा कृषक छनोट तथा कार्यक्रम संचालन गर्ने। | ▪ एक दिने अवधिको तालिम सचालन गरिने।<br>▪ वडा कार्यालय कृषक समूह तथा सहकारीको समन्वयमा तालिम संचालन गरिने। | • प्राविधिक लगायत शैक्षिक सामाग्री तथा ब्यवस्थापनमा खर्च गरिनेछ।<br>• तरकारी कम्पोजिट कीट, सुक्ष्मतत्व तथा विषादी बितरण कार्यक्रमबाट खर्च गर्न सकिनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | ▪ बिपन्न समुदायलाई प्राथमिकता दिईनेछ।<br>▪ प्रविधि हस्तान्तरण गरि उत्पादन बढाउन जोड दिने। | | | |
| ५. | धान दिवस | ▪ कृषक समूह वा सहकारी सस्थाको समन्वयमा कार्यक्रम संचालन गर्ने।<br>▪ आषाढ १५ गते कार्यक्रम संचालन गरीनेछ। | ▪ खेत वारीमा उपस्थित भई कार्यक्रम गरिनेछ।<br>▪ धान दिवसको औचित्य बारे आम कृषकहरुमा जानकारी गराउने।<br>▪ धान रोपाई कार्य गर्ने। | • धान दिवसको नारा सहितको प्रचार सामाग्री/खाजा अन्य व्यवस्थापनमा खर्च गर्न सकिनेछ। | |
| ६. | माटो परीक्षण तथा सामाग्री वितरण कार्यक्रम | ▪ माटोको गुणस्तर थाहा पाउन।<br>▪ माटोमा भएको नाईट्रोजन,फस्फोरस र पोटासको मात्रा थाहा पाउन।<br>▪ माटोको अवस्था अनुसार रसायनीक मल तथा विरुवालाई आवश्यक पर्ने खाधतत्व हरुको उचित मात्रामा प्रयोग गर्न। | ▪ माटो परीक्षण गर्दा आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरु खरीद गर्ने।<br>▪ माटो परीक्षणमा आवश्यक पर्ने प्राविधिक सहयोगमा खर्च गर्न सकिनेछ।<br>▪ प्रचार प्रसारमा खर्च गर्न सकिनेछ।<br>▪ माटो परिक्षण प्रयोगशाला संग समन्वय गरी कार्यक्रम संचालन गर्ने। | • परिक्षणको लागी आवश्यक रसायन/सामाग्री खरिद गर्ने<br>• माटो सुधारको लागी कृषकहरुलाई अनुदानमा सामाग्री वितरण साथै अन्य क्रियाकलाप आवश्यकता अनुसार गरीनेछ।<br>• प्रशिक्षकहरुको दैनिक भ्रमण/भत्ता/ खाजा र होटलबासमा खर्च गर्न सकिनेछ। | |
| ७. | वगर खेती प्रवर्द्धन | ▪ नदी खोलाको किनारको उकास जमिनको उपयोग।<br>▪ कृषक समूह तथा सहकारी मार्फत संचालन गर्ने।<br>▪ सूचना प्रकाशित गरी माग भई आएका निबेदन उपर कृषि विकास समितिले छनौट गर्नेछ। | ▪ लहरे तरकारी बालीहरुको बीउ बितरण।<br>▪ सिंचाई ब्यवस्थापन सामाग्री सहयोग।<br>▪ बजार ब्यवस्थापन सामाग्रीमा सहयोग।<br>▪ जैबिक तथा रासायनिक बिषादीमा सहयोग।<br>▪ आवश्यकता अनुसार अन्य सामाग्रीमा सहयोग। | • ७५ प्रतिशत अनुदानमा कृषि उत्पादन सामाग्री उपलब्ध गराई कार्यक्रम संचालन गरीनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ८. | बाली संरक्षण सेवा | ▪ बालीनाली अनपेक्षित रुपमा रोगकीराको प्रकोप भएमा बितरण गरिनेछ।<br>▪ सूचिकत भएका फर्मबाट प्रतिस्पर्धा गराई सामाग्री खरिद गर्ने। | ▪ आवश्यक बिषादी,स्प्रेयर,डस्टर लगायत अति आवश्यक सामाग्री खरिद गर्ने। | • रोग कीराको प्रकोप फैलिने अवस्था हेरी आवश्यक पर्ने विषादी तथा सामाग्रिहरु स्वीकृत बजेटको परिधिमा रही खरीद गरी शत् प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरिनेछ। | |
| ९. | उन्नत वीउ वितरण (मकै, धान, गहुँ) | ▪ उन्नत जातको बीउ बितरणमा प्राथमिकता दिइनेछ।<br>▪ नेपाललमा उन्मोचित उन्नत/हाईब्रिड तथा सुचिकृत भएका जातहरुको वीउ वितरण गर्न सकिनेछ।<br>▪ सूचना प्रकाशन गरि माग संकलन गर्ने।<br>▪ वडा कार्यालयसँग समन्वय गरि वीउ वितरण गर्ने। | ▪ वीउ खरीद तथा वितरण कार्य गरिनेछ। | • सूचिकृत कम्पनी, वीउ उत्पादक सहकारी तथा एग्रोभेटबाट प्रतिस्पर्धा गराई स्वीकृत बजेटको परिधिमा रही खरीद गरी वितरण गरिने।<br>• कोटेशन र टेण्डर प्रकृयाबाट खरिद गर्दा कबोल रकमको ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।<br>• कृषकबाट संकलन हुने ५० प्रतिशत रकम खरिद गरीने फर्म/कम्पनीको खातामा बैंक मार्फत जम्मा गर्नुपर्नेछ। | |
| १०. | मल्चिङ्ग प्लाष्टिक/टनेल प्लाष्टिक वितरण | ▪ २ कठ्ठा भन्दा वढि क्षेत्रफलमा तरकारी खेती गर्ने कृषकहरुलाई वितरण गर्ने।<br>▪ ब्यवसायिक कृषकहरु लाई प्राथमिकता दिइनेछ। | ▪ मल्चिङ्ग प्लाष्टिक रोल/टनेल पलाष्टिक खरीद तथा वितरण। | • सूचिकृत कम्पनी तथा एग्रोभेटबाट प्रतिस्पर्धा गराई खरीद गर्ने।<br>• स्वीकृत कार्यक्रम अनुसार संचालन गरिनेछ।<br>• बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ। | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ११. | प्लाष्टिक टनेल निर्माण | ▪ ३ कठ्ठा भन्दा वढि क्षेत्रफलमा तरकारी खेती गर्ने कृषकहरुलाई वितरण गर्ने।<br>▪ व्यवसायिक तथा बेमौसमी तरकारी खेती गर्ने कृषकहरु लाई प्राथमिकता दिइनेछ। | ▪ प्लाष्टिक घर निर्माणमा आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराउने।<br>▪ प्राविधिक लागत ईस्टिमेट तयार गरी निर्माण कार्य गरीनेछ। | • प्राविधिक लागत ईस्टिमेटको आधारमा बढीमा ७५ प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ। | |
| १२. | उत्कृष्ट कृषकहरुलाई सम्मान कार्यक्रम | ▪ कम्तीमा ३ बर्ष देखी व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुलाई सहभागी गराईनेछ।<br>▪ बालीका सबै विधाबाट छनौट गरिनेछ।<br>▪ मापदण्ड बनाइ छनौट समितिबाट कृषक छनौट गरिइनेछ। | ▪ कार्यक्रम आयोजना गरी उत्कृष्ट कृषकहरुलाई सम्मान गरीनेछ। | • स्वीकृत बजेटको परिधीमा रही कार्यक्रम संचालन गर्नु पर्नेछ।<br>• पुरुस्कार वापत अधिकतम देहायबमोजिमको रकम प्रदान गरिनेछ।<br>**प्रथम** -१०,०००/-<br>**द्धितिय** -७,०००/-<br>**तृतिय** -५,०००/-<br>**सान्त्वना** -३,०००/- | |

## शिवराज नगरपालिका कृषि शाखाबाट संचालन हुने गुणस्तरीय बाली उत्पादन कृषक पाठशालाको (IPM) अनुमानीत खर्च विवरण

| क्र.सं | क्रियाकलाप | संख्या | दिन/हप्ता | दर | जम्मा खर्च | |
|---|---|---|---|---|---|---|
| | | | | | अधिकृतस्तर सहजकर्ताबाट संचालन | सहायकस्तर (प्रा.स/ना.प्रा.स) सहजकर्ताबाट संचालन |
| **१.तयारी बैठकहरु-स्थलगत कृषक अन्तरकृया गोष्ठि (२पटक) गोष्ठिमा छलफल हुने विषयहरु : कृषक पाठशालाको महत्व,बाली पात्रो र आधारभुत तथ्यांक संकलन,समूहको महत्व,लैङ्गिक विश्लेशण,समस्या पहिचान कार्यक्रम कार्ययोजना तयारीको लागि जम्मा खर्च** | | | | | | |
| १.१ | पहिलो पटक अन्तरकृया गोष्ठि गर्न ४० जना कृषकहरु समावेश गोष्ठिमा खाजा खर्च | ४० | १ | १०० | ४००० | ४००० |
| १.२ | दोश्रो पटक अन्तरकृया गोष्ठि गर्न ३० जना कृषकहरु समावेश गोष्ठिमा खाजा खर्च | ३० | १ | १०० | ३००० | ३००० |
| १.३ | भिन्दा भिन्दै मितिमा २ पटक सम्म उल्लेखित विषयमा गोष्ठि संचालन गर्दा चाहिने स्टेशनरी | ७० | १ | १०० | ७००० | ७००० |
| १.४ | गोष्ठि संचालन गर्न भत्ता प्रति व्यक्ति<br>अधिकृतस्तर -१६००<br>सहायकस्तर -१२०० | २ | २ | १६००<br>१२०० | ६४०० | ४८०० |
| १.५ | सहजकर्ता यातायात खर्च | २ | २ | २०० | ८०० | ८०० |
| | | | | **जम्मा** | **२१२००** | **१९६००** |
| **२. एक दिने seasonal planning गोष्ठि गर्न** | | | | | | |
| २.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ताको लागी) | २७ | १ | १०० | २७०० | २७०० |
| २.२ | गोष्ठि संचालन गर्न भत्ता प्रति व्यक्ति<br>अधिकृतस्तर -१६००<br>सहायकस्तर -१२०० | २ | १ | १६००<br>१२०० | ३२०० | २४०० |
| २.३ | गोष्ठि संचालन गर्दा चाहिने स्टेशनरी (२५ जनाको लागी ) | २५ | १ | १०० | २५०० | २५०० |
| २.४ | सहजकर्ता यातायात खर्च | २ | १ | २०० | ४०० | ४०० |
| | | | | **जम्मा** | **८८००** | **८०००** |
| **३. स्थलगत कृषक पाठशाला गठन गर्न** | | | | | | |
| ३.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ताको लागी १६ हप्ता सम्म) | २७ | १६ | १०० | ४३२०० | ४३२०० |
| ३.२ | पाठशाला संचालन सामाग्री —<br>बीउ,बेर्ना,कम्पोष्ट मल,मलखाद,सिंचाई,बोर्ड तथा | | | १०००० | १०००० | १०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अन्य सामाग्रीहरु जाली कपडा,भाईल,जैविक विषादी, शुक्ष्म खाध्यतत्वहरु,हर्मोनहरु आदी | | | | | |
| ३.३ | गोष्ठि संचालन गर्न भत्ता प्रति व्यक्ति<br>अधिकृतस्तर -१६००<br>सहायकस्तर -१२०० | २ | १६ | १६००<br>१२०० | ५१२०० | ३८४०० |
| ३.४ | सहजकर्ता यातायात खर्च | २ | १६ | २०० | ६४०० | ६४०० |
| ३.५ | विशेष कक्षा श्रोत व्यक्ती कक्षा वापत | १ | ३ | १४०० | ४२०० | ४२०० |
| ३.६ | विशेष कक्षा श्रोत व्यक्ती यातायात खर्च वापत | १ | ३ | २०० | ६०० | ६०० |
| | | | | **जम्मा** | **११५६००** | **१०२८००** |
| **४. कृषक दिवश संचालन गर्न** | | | | | | |
| ४.१ | खाजा खर्च | ८० | १ | १०० | ८००० | ८००० |
| ४.२ | व्यस्थापन खर्च (स्टेज निर्माण,साउण्ड सर्भिस,टेबुल,कुर्चि,ध्वजापताका,निमन्त्रणा कार्ड आदी ) | | | २००० | २००० | २००० |
| ४.३ | सहजकर्ता दैनिक भ्रमण भत्ता प्रति व्यक्ति<br>अधिकृतस्तर -१६००<br>सहायकस्तर -१२०० | २ | १ | १६००<br>१२०० | ३२०० | २४०० |
| ४.४ | सहजकर्ता यातायात खर्च | २ | १ | २०० | ४०० | ४०० |
| ४.५ | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन | १ | | १००० | १००० | १००० |
| | | | | **जम्मा** | **१४६००** | **१३८००** |
| | | | | **कुल जम्मा** | **१६०२००** | **१४४२००** |

# परिच्छेद-३
# कार्यक्रम सञ्चालन प्रक्रिया

**६. <u>प्रस्ताव माग</u> :**

कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी कृषिउद्यमी/कृषक/निजी फर्म/समूह/सहकारी/कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ। माग भएको मिति भित्र रितपूर्वक प्रस्ताव पेश हुन नआएमा वा माग भएको भन्दा थोरै संख्यामा प्रस्ताव पेश भएमा दोस्रो तथा अन्तिम पटक पुःन ७ दिनको सूचना प्रकाशन गरिनेछ।

**७. प्रस्ताव पेश :**

सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा (५) मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाँचा सहित तोकिए बमोजिमको कार्यालयहरुमा प्रस्ताव पेश गर्नु पर्नेछ।

**८. प्रारम्भिक छनौट तथा सिफारिस :**

दफा ७ बमोजिम प्राप्त प्रस्तावहरु दफा १२ को उप-दफा (१) बमोजिम तोकिएको कर्मचारीले प्रस्तावमा माग गरिएको कागजातहरुको रुजु गरी दफा ११ बमोजिमको समिति समक्ष पेश गर्नेछ।

**९. स्थलगत प्रमाणीकरण सिफारिस :**

(१) समितिले दफा १२ को उपदफा (१) बमोजिमको गठित कार्यदललाई प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुको स्थलगत प्रमाणीकरण गर्नको लागि खटाउनेछ।

(२) विगत २ आर्थिक बर्षमा सोही कार्य अर्थात क्रियाकलापमा अनुदान लिएको कृषक/ कृषि फर्म/कृषक समुह/सहकारीलाई अनुदान कार्यक्रममा समावेश नगराउने ।

(३) विगत २ आर्थिक बर्षमा कुनै पनि सरकारी सेवा वा अनुदान नपाएको व्यक्ती समुह फर्म वा सहकारीहरुलाई प्राथमीकता दिई अनुदान का लागि छनौट प्रक्रीया अगाडी वढाईने छ ।

(४) कार्यदलले स्थलगत प्रमाणीकरण र मूल्याङ्कन सूचक आधारमा प्राथमिकता क्रम तयार गरी दफा ११ बमोजिमको समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

**१०. सम्झौता प्रक्रिया :**

(१) छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गरिनेछ।

(२) सम्झौता पश्चात कार्यालयले कार्यदिश दिनेछ।

(३) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

(४) सम्झौतामा नतोकिएका शर्तहरु नेपालको प्रचालित कानुन बमोजिम हुनेछ।

# परिच्छेद-४
# समिति सम्बन्धी व्यवस्था

**११. <u>कृषि विकास समिति</u> :**

(१) कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कृषि विकास समिति गठन हुनेछ :-

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| नगर उप प्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आर्थिक विकास समिति संयोजक | - सदस्य |
| कृषि, वन तथा वातावरण समिति संयोजक | - सदस्य |
| पशु सेवा शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बिषय विशेषज्ञ वा सरोकारवाला पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कृषि विकास समितिको काम, कर्तब्य र अधिकारः यस कार्यक्रम संचालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन सकिनेछ।

# परिच्छेद-५
# कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

**१२. <u>सुपरिवेक्षण तथा अनुगमन</u> :**

(१) आवश्यकता अनुसार नगर उपप्रमुखको संयोजकत्वमा समितिका पदाअधिकारीबाट कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ।

| | |
|---|---|
| नगर उप प्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |

| | |
|---|---|
| कृषि, वन तथा वातावरण समिति संयोजक | - सदस्य |
| सम्वन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| कृषि विकास शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| पशु सेवा शाखा प्रमुख | - सदस्य |
| योजना/पूर्वाधार शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितीले आवश्यकता अनुसार विषय विशेषज्ञ वा सरोकारवाला पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

# परिच्छेद-६
# भुक्तानी प्रक्रिया

**१३. <u>भुक्तानी प्रक्रिया</u> :**

(१) कार्यक्रम सञ्चालनको लागि  पेश्कि रकम उपलब्ध गराईने छैन कार्य प्रगति/कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ।

(२) नगद अनुदान दिईने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदान ग्राहीको बैक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

(३) अनुदान रकम भुक्तानी सम्झौता पत्रमा उल्लेख बमोजिम हुनेछ।

(४) कृषकले पाउनुपर्ने अनुदान रकम निजको खातामा वा सामाग्री खरिद गरेको सक्कल बिल र सप्लायर्सको नाममा भुक्तानी दिनु भनी निवेदन प्राप्त भएमा सोझै सप्लायर्सको नाममा भुक्तानी गर्न सकिने छ।

(५) टेण्डर प्रकृयाबाट संचालन गरिने कार्यक्रमको हकमा कृषकहरुबाट संकलित लागत सहभागिताको रकम नगरपालिकाको  खातामा जम्मा गरिनेछ वा सम्बन्धित फर्म/कम्पनी तथा सप्लायर्सको खातामा जम्मा गरी भौचर पेश गर्न सकिनेछ।

(६) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहायबमोजिमको प्रक्रिया पूरा गरे पछि मात्र रकम भुक्तानी गर्नेछः-

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बिल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समाबेश गर्नु पर्नेछ।

(ग) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समाबेश गर्नु पर्नेछ।

(घ) अनुगमन समितिको अनुगमन प्रतिबेदन संलग्न हुनुपर्नेछ।

(ङ) सार्वजनिक परिक्षण गरेको माईन्यूटको प्रतिलिपि संलग्न हुनुपर्नेछ।

(च) कूल लागत दुई लाख भन्दा बढीको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङ्गबोर्ड/सूचनापाटी राखेको हुनु पर्नेछ।

(७) सम्झौता र कार्ययोजना अनुसार खरिद भएका पुजिगत तथा चालु खर्चका बिलहरुको भुक्तानी खरिद गरिएका कम्पनी पसल तथा फर्म लाई बैंक मार्फत भुक्तानी गरीनेछ।

(८) कार्यालयबाट संचालन हुने कार्यक्रमहरुको हकमा कर्मचारीहरुलाई पेश्की रकम उपलब्ध गराइने छ साथै खरीद कार्य गर्नुपर्ने कार्यहरुमा सम्बन्धीत सप्लायर्सलाई नै नियमानुसार एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्न सकिनेछ।

(९) समितिका विभिन्न वैठकको उपस्थिती अनुसार नियमानुसार खाजा र बैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

(१०) नगरपालिकामा सुचिकृत गरेको अपुर्तिकर्ताबाट मात्र सामाग्री खरीद गर्नु पर्नेछ।

**१४. <u>प्रतिवेदन</u> :**

सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा कृषि बिकास शाखाले नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

# परिच्छेद -७
# विविध

**१५. <u>कारवाहीको व्यवस्था</u> :**

सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**१६. <u>संशोधन तथा परिमार्जन</u> :**

(१) कृषि विकास शाखाको सिफारिसमा आवश्यकता अनुसार नगर कार्यपालिकाले कार्यविधी संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) नगर कार्यपालिकाको कार्यालय वाट कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार परिमार्जन तथा हेरफेर गर्न सक्नेछ।

**अनुसूची १-**

**(परिच्छेद ३ को दफा ६ सँग सम्बन्धित)**

**<u>सूचनाको ढाँचा</u>**

**<u>प्रथम पटक सूचना प्रकाशन मिति</u> :......................**

शिवराज नगरपालिका, कृषि विकास शाखाको आ.व........... को................................................. कार्यक्रम अन्तर्गत सहभागी हुन ईच्छुक कृषक/ कृषक समुह/समिति/सहकारी/निजी फर्म/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले ........ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ........................ बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि शिवराज नगरपालिका, कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरु</u>**

1. प्रस्तावकको सक्कल निवेदन ,
2. कृषक समूह/कम्पनी/निजी कृषि फर्म/सहकारीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी,
3. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपी,
4. करचुक्ता प्रमाण,पत्रको प्रतिलिपी-
5. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव,
6. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
7. कार्यक्रम माग गर्न गरिएको निर्णयको प्रतिलिपी (कृषक समूह/समिति तथा सहकारीको हकमा)
8. प्रस्ताव पेश गर्नेको नेपाली नागरिकता प्रमाणपत्रको- प्रतिलिपी,
9. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा,
10. कार्यक्रम संचालनको लागि जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिईएको भए कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी।

**अनुसूची -२**
**(परिच्छेद ३ को दफा ७ सँग सम्वन्धित)**

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति :......................
शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु।

**विषय :** ................................ कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति......................मा प्रकाशित गरिएको सूचना अनुसार ....................................................कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका कागजातहरू यसै निवेदन साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु।

**संलग्न कागजातहरुः**

१. प्रस्तावकको निवेदन ,
२. समूह/सहकारी/निजी कृषि फर्मकम्पनी/हरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी,
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपी,
४. करचुक्ता प्रमाण,पत्रको प्रतिलिपी-
५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव,
६. समूह/सहकारीहरुले अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी,
७. प्रस्ताव पेश गर्नेको नेपाली नागरिकता प्रमाणपत्रको- प्रतिलिपी,
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा,
९. कार्यक्रम सञ्चालनको लागि जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी,
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम नपाएको स्व-घोषणा पत्र पेश गर्नुपर्ने।
११. कार्यक्रमको प्रकृति अनुसार प्रस्तावको साथ संलग्न गर्नुपर्ने कागजात हरुको फेरबदल गर्न सकिनेछ।

**निवेदक**
दस्तखत :
नाम :

ठेगाना :
सम्पर्क नं.:
संस्थाको छापः

**अनुसूची -३**

**कार्यक्रमको संक्षिप्त व्यावसायीक कार्ययोजना**

कार्यक्रमको नाम : जिल्लाः गा.पा/न.पा./उ.न.पाः
वडा नं : टोलः गाउँ :
फर्मको नाम : सञ्चालकको नामः मो.नं./टे.नं.:

१. व्यवसायको परिचय :
२. उद्धेश्यहरु :
३. कृषि व्यवसायमा अनुभव :
४. व्यवसाय संचालन गर्ने स्थानको संक्षिप्त विवरण :
५. व्यवसाय संचालनका लागि रहेका पुर्वाधारहरु :

| क.सं. | पूर्वाधारका संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

६. तालिम सम्बन्धी विवरण :
७. सहकार्यमा संचालन गरिने प्रस्तवित कार्य विवरण :

| क्र. सं. | संचालन गरिने क्रियाकलापहरु | अनुदान रु. | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

८. संचालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पर्ने/नपर्ने)
९. उत्पादित वस्तुको बजार योजना :
१०. थप आधारहरु :

उपलब्ध जग्गाको क्षेत्रफल :...........................

कार्यक्रमको स्पष्टता :..................................

अपेक्षित वार्षिक प्रतिफल :...............................

**<u>कार्ययोजना पेश गर्नेको</u>**

दस्तखत :

कृषि फर्म/कम्पनी/समूह/सहकारीको नाम :

संचालक/अध्यक्षको नाम :

ठेगाना :

मिति :

सम्पर्क नं. :

अनुसूची-४

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

1= जिल्लाः

2= आवेदक संस्थाको नामः

3= कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

4= प्रस्तावित कार्यक्रमको नामः

5= मुल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | सिंचाइ सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजी फर्म /संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | **व्यवसाय सम्वन्धी अनुभव** | **५** | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र)** | **५** | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखी ७ दिने अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिने अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५देखि माथि अवधि सम्मको तालिम | ५ | | |
| ४ | **वित्तीय क्षमता** | **१०** | | |
| ४.१ | कूल लगानीको ७० प्रतिशत भन्दा माथि लगानीको प्रतिवद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | १० | | |
| ४.२ | कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिवद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ६ | | |
| **५** | **रोजगारीको अवस्था (प्रस्तावित)** | **५** | | |
| ५.१ | कम्तीमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| **६** | **वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)** | **१०** | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय/सामाजिक प्रभाव आङ्कलन गरिएको | ५ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| **७** | **उत्पादित वस्तुको बजार योजना** | **१५** | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १५ | | |
| ७.२ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १२ | | |
| ७.३ | बजारीकरणको योजना स्पष्ट नभएको | १० | | |
| **८** | **व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना, जलवायु अनुकुलन, लगानी प्रतिफल र दिगोपना)** | **३०** | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| **९.** | **खेतबारीको व्यवस्थापन** | **५** | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठिकै | ३ | | |
| **१०** | **शैक्षिक योग्यता** | **३** | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| **११** | **बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ वर्ष)** | **२** | | |
| | **जम्मा** | **१००** | | |

**6= स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः**

**क)**

**७. स्थलगत अनुगमन टोलीको रायः**

| क.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

**अनुसूची -५**

**सम्झौता-पत्र**

**......................................................... बितरण सम्वन्धि सम्झौता-पत्र**

शिवराज नगरपालिकाको कार्यालय, चन्द्रौटा कपिलवस्तु (प्रथम पक्ष भनिने) शिवराज नगरपालिका वडा नं.......... का श्री.....................................................(दोस्रो पक्ष भनिने) बिच शिवराज नगरपालिकाको आ.व. ..................को..........................................................................कार्यक्रम तर्फको..........प्रतिशत अनुदानमा................................ संचालन/वितरण गर्ने गराउने सम्झौता भयो।यस कार्यक्रम अन्तर्गत संचालन हुने कार्य एवं शर्तहरु यस प्रकार हुनेछ।

**१. आयोजनाको नाम :**

**२. स्थान :**

**३. क्षेत्रफल/संख्या :**

**४. आयोजनाको कुल लागत :रु.**

**५. नगरपालिकाले ब्यहोर्ने रकम : रु.**

**६. कृषक/ कृषक समूहले ब्यहोर्ने रकम : रु.**

*सम्झौताका शर्तहरु* :

१.यो सम्झौता हस्ताक्षर गरेको मिति देखि लागु हुनेछ।कृषकहरूले सामाग्री खरिद कार्य............................भित्र सम्पन्न गर्नु पर्नेछ।

२. दोस्रो पक्षले नगरपालिकाले सूचिकृत गरेको आपूर्तिकर्ताबाट मात्र सामाग्री खरीद गर्नु पर्नेछ।

३. दोस्रो पक्षले अनुदान प्रतिशत रकम सम्वन्धित आपूर्ती कर्ताको खातामा जम्मा गर्नुपर्नेछ र अनुदान रकमको सिमा भन्दा बढी रकम पहिलो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन।

४. दोस्रो पक्षले यस कार्यक्रमको लागि आफनो बाहेक कुनै सरकारी/गैर सरकारी संघ संस्थाबाट सहयोग अनुदान प्राप्त भएको भए स्पष्ट रुपमा पहिलो पक्षले जानकारी गराउनु पर्नेछ।

५.दोस्रो पक्षले शि.न.पा. कृषि बिकास शाखाका प्राविधिकहरुले दिएको निर्देशन र प्राविधिक सरसल्लाह अनुसार कार्य गर्नु पर्ने छ।निर्माण कार्यको हकमा पूर्वाधार शाखाको ईस्टिमेट र निर्देशन बमोजिम कार्य गर्नुपर्दछ।

६. दोस्रो पक्षको लापर्बाहीले हानि नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुने छ ।

७. सामाग्री खरिद गरे पछि यसको स्वामित्व स्वतःदोस्रो पक्षको हुने छ र मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको नै हुनेछ।

८. सामाग्री खरिद सम्वन्धि कुनै विवाद आएमा शिवराज नगरपालिकाको निर्णय नै अन्तिम मानिनेछ।

९. छनौट भएका कृषक /कृषक समूह(दोस्रो पक्ष)ले आफै सामाग्री प्रयोग नगरि दोस्रो व्यक्ति वा अन्य संस्थालाई दिन पाउने छैन।

१०. कुल लागतको ..... प्रतिशत वा बढीमा .......... रकम नगदै सहभागिता दोस्रो पक्षले गर्नु पर्नेछ।
११. दोस्रो पक्षले सम्झौता अवधी भित्र कार्य सम्पन्न प्रतिवेदन सहित सक्कल बिल भरपाई भुक्तानीको लागि शिवराज नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ।
१२. यस सम्झौतामा उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।
१३. दोस्रो पक्षले अनुदान रकमको दुरुपयोग गरेमा अनुदान रकम फिर्ता गर्नु पर्ने साथै प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।
१४. दोस्रो पक्षले सामाग्री खरिद गरे पछि कृषि बिकास शाखा लाई जानकारी गराउनु गर्नु पर्ने छ र अनुगमन पश्चात अनुदान रकम भुक्तानी दिने छ।
१५. स्पेशिफिकेसन अनुसार माग भएको सामाग्री उपलब्ध गराउनु पर्नेछ।
१६. गुणस्तर कायम नभएको खण्डमा दोश्रो पक्ष स्वयं जवाफदेहि हुनेछ।
१७. प्राविधिक लागत ईस्टिमेट अनुसार निर्माण कार्य दोश्रो पक्षले सम्पन्न गर्नुपर्नेछ ।
१८. कार्यक्रम सम्पन्न गर्ने क्रममा कुनै विवाद आएको खण्डमा दुवै पक्षको समझदारीमा कार्य अगाडी बढाउनुपर्नेछ।

**<u>प्रथम पक्षको तर्फबाट</u>**
नाम :
पद :
दस्तखत :
छाप :

**<u>दोस्रो पक्षको तर्फबाट</u>**
नाम :
ठेगाना :
दस्तखत :
कृषक/फार्म/कम्पनीको छाप :

**साक्षी**
**<u>प्रथम पक्ष को तर्फबाट</u>**
नाम :
पद :
ठेगाना :
दस्तखत :

**साक्षी**
**<u>दोस्रो पक्षको तर्फबाट</u>**
नाम :
ठेगाना :
दस्तखत :

मिति..............साल...........महिना...........गते रोज........मा शुभम् ।

***प्रमाणिकरण मिति :२०८१/०१/२१***

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**